# घर भाडामा लिने बारे ७ दिने सूचना

यस बैंकको शाखा कार्यालय स्थानान्तरण गर्नको लागि तल उल्लेखित प्रमुख व्यापारिक क्षेत्रमा करिब १००० देखि १२०० वर्गफिट क्षेत्रफल सहितको घर/फ्ल्याट आवश्यक भएकोले इच्छुक घरधनीहरुबाट शिलबन्दी बोलपत्र आव्हान गरिएकोछ ।

| क्र.सं. | स्थानान्तरण हुने शाखा कार्यालय | ठेगाना | जिल्ला | प्रदेश |
|---|---|---|---|---|
| १. | कुमारीपाटी | ललितपुर म.न.पा., वडा नं. १९ | ललितपुर | बागमती |
| २. | आँबुखैरेनी | आँबुखैरेनी गाउँपालिका, वडा नं. ३ | तनहुँ | गण्डकी |
| ३. | लमही | लमही नगरपालिका, वडा नं. ५ | दाङ्ग | लुम्बिनी |
| ४. | रुकुम | मुसिकोट नगरपालिका, वडा नं. १ | रुकुम पश्चिम | कर्णाली |

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपुर्वकको शिलबन्दी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त तथा बन्देजहरु :**

१. शिलबन्दी कोटेशनसाथ आफूले भाडामा दिन चाहेको घरको विवरण र मासिक भाडादर उल्लेख गरि घरजग्गाको स्वामित्वको प्रमाणपत्र, घरको नक्सा पास प्रमाणपत्र, घर सम्पन्नताको प्रमाणपत्र र जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।
२. भाडामा दिने घर सडकसँग जोडिएको हुनुपर्नेछ ।
३. भाडामा दिने घर पिल्लर सिष्टमको हुनुको साथै भुई तला वा एक तलामा कम्तिमा १००० देखि १२०० वर्गफिट क्षेत्रफल भएको हुनुपर्नेछ ।
४. भाडामा दिने घरमा पार्किङ्ग, ATM, तथा जेनेरेटर राख्ने स्थान उपलब्ध हुनुपर्नेछ ।
५. भाडामा दिने घर कुनै किसिमको कानूनी झमेला नभएको हुनुपर्नेछ ।
६. घर भाडामा दिदा कम्तिमा १० वर्ष अवधिको लागि दिनुपर्नेछ ।
७. भाडामा दिने घरमा घरधनीको तर्फबाट नै तयार गर्ने वा घरधनीको लगानी बैंकले तयार गर्ने जस्तै रंगरोगन, भल्ट कोठा निर्माण, बाथरुम र शौचालय निर्माण, टायलिंग वा फल्स सिलिंग निर्माण जस्ता के कस्ता सुविधा प्रदान गर्न सकिने हो सो आावेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
८. कोटेशन बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु हुनेछन् ।
९. भाडामा दिने घर सडक मापडण्ड भित्र नपर्ने तथा सम्बन्धीत नियमनकारी निकायको मापडण्ड भित्रको हुनुपर्नेछ ।
१०. घर भाडामा लिने वा नलिने, प्राप्त भएका कोटेशनहरु कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
११. यस सम्बन्धि थप केही कुरा बुझ्न परेमा यस बैंकको सामान्य सेवा विभाग, थापाथलीमा सम्पर्क गर्न सकिनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति :** २०८२/०१/२२ गते सोमबार (कार्यालय समय भित्र)
**खोलिने मिति :** २०८२/०१/२३ गते मंगलबार दिनको ३:०० बजे ।
**स्थान :** महालक्ष्मी विकास बैंक लि. सामान्य सेवा विभाग थापाथली, काठमाण्डौ ।


महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१–५३६८१५३, ५३६८७१९

**सामान्य प्रशासन विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९